स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




सन् २०१७ की मिस नेपाल निकिता चाण्डक २०७६ सालमा उनले फिल्म 'साइलो'बाट डेब्यू गरेकी थिइन् । तर, फिल्म सफल नहुनु र अभिनयको पनि उति तारिफ नहुँदा निकिता तीन वर्ष फिल्मविहीनको अवस्थामा थिइन् । 'ह्वाइट सन' फेम्ड निर्देशक दीपक रौनियारको नयाँ फिल्म 'राजागञ्ज'मा उनले मुख्य भूमिका निभाउँदैछिन् । फिल्ममा उनका साथै दयाहाङ राई, आशा मंगराती, ऋचा शर्मा, पशुपति राई, विजय बराल, गौमाया गुरुङ, घनश्याम मिश्रालगायतको पनि अभिनय रहनेछ ।

**आजको विचार...**



सीएन थारू

स्थानीय...

(दुई पेजमा)



एक्सन तथा लभस्टोरी फिल्म 'दान्भी'को एक हप्ताअघि गीतबाट छायांकन सुरु भएको थियो । गीतको छायांकन सकिएसँगै निर्माण टिमले केही अचल तस्बिरहरु मिडियालाई उपलब्ध गराएको छ । प्राप्त तस्बिरमा डेब्यू ब्वाई कुन्साङ बोम्जमसँग अभिनेत्री पूजा शर्मा रोमान्टिक अवतारमा देखिएकी छन् । उनीहरुको केमेस्ट्री सुहाएको देखिन्छ । तस्बिरमा पूजा बोल्ड पहिरनमा प्रस्तुत छिन् । 'तिमीलाई दिने मायाको खानी' बोलको गीतमा हरि बहादुर घलेको छायांकन रहेको छ भने कविराज गहतराजको कोरियोग्राफी छ ।


❐ वर्ष २८ ❐ अंक ३४३ ❐ २०८० असार २६ गते मंगलबार 11 July 2023, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-


**सक्षिप्त समाचार**

## देशभरका सरकारी खाता रोक्का




**पाल्पा,** असार २५/देशभरका सरकारी खाता रोक्का गरिएको छ । महालेखा नियन्त्रकको कार्यालयले आइतबार राति १२ बजेदेखि संघ, प्रदेश र स्थानीय तहको खाता रोक्का गरेको हो ।

महालेखाले यही असार १० गते जारी गरेको सूचना अनुसार आइतबार राति १२ बजेदेखि प्रदेश र स्थानीय तहको यो आर्थिक वर्षको कारोबार बन्द भएको महालेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी गायत्रीरमण खनालले जानकारी दिए । उनका अनुसार आइतबार रातिदेखि कुनै पनि रकम भुक्तानी लिन पाइने छैन । प्रदेश र स्थानीय तहको प्रणालीबाट एक सातासम्म नयाँ रकम भुक्तानी हुनेछैन ।

## रामपुर नगर सरकारको योजना

# कालीगण्डकी नदी किनारमा पैदलमार्ग

**रासस**

**रामपुर (पाल्पा),** असार २४/विश्वमा नै शालिग्राम शिला पाइने एकमात्र नदी कालीगण्डकीलाई पर्यटन विकाससँग जोड्ने प्रयास थालिएको छ । शालग्रामी र कालीनदी नामबाट पनि चिनिने यस कालीगण्डकी नदीलाई आयआर्जनसँग जोड्दै यहाँको धार्मिक तथा पर्यटन विकासका लागि स्थानीय सरकारले योजना अगाडि सारेको छ ।



कालीगण्डकी नदीको ऐतिहासिकता, धार्मिक, सम्भ्यता र महत्वलाई जोगाउँदै पर्यटन विकास गर्ने उद्देश्यले पाल्पाको रामपुर नगरपालिकाले नदी किनारमा पैदलमार्ग बनाउने योजना ल्याएको छ । नगरपालिकाभित्र पर्ने नदी किनारै किनार पैदलमार्ग बनाउने योजना ल्याइएको नगरप्रमुख रमणबहादुर थापाले बताए । उनका अनुसार पैदलमार्गका लागि संघीय समपूरक कोषबाट ६० लाख, रामपुर नगरपालिकाबाट ६० लाख गरी एक करोड २० लाख बराबरको बजेट विनियोजन गरिएको छ । 'कालीगण्डकी नदी हाम्रो सभ्यता हो, नदीलाई संरक्षण गरी यसलाई पर्यटनसँग जोडियो भने आयआर्जन पनि हुनेछ', नगरप्रमुख थापाले भने, 'अब छिट्टै काम सुरु गरेर अबको एक वर्षभित्र पैदलमार्गको काम सम्पन्न गर्ने योजना छ ।' उनका अनुसार रामपुर नगरपालिका-१ को स्याउली बजारदेखि वडा नं १० को सिद्धबाबा मन्दिरसम्म नदीको किनारै किनार पैदलमार्ग बन्नेछ । पैदलमार्गमा पदयात्राका साथै साइकल मार्ग, ठाउँ-ठाउँमा कोसेलीघर, आवासगृह, शौचालय, नदी किनारमा स्नान गर्ने स्थल तयार गरिने नगरप्रमुख थापाले बताए । उनका अनुसार राम्दीदेखि देवघाटसम्म कालीगण्डकी नदी किनारमा पैदलमार्ग बनाउने योजना रहेको छ । 'पदमार्गसँगै पर्यटनको विकास गर्ने उद्देश्यले रामपुर नगरपालिकाले आफ्नो पालिकाभित्र पदमार्ग निर्माण सुरु गर्दैछ । रामपुर नगरभित्र मात्र नभई यसलाई राम्दीदेखि देवघाट क्षेत्रभित्र जोडिएका सबै पालिकाले आ-आफ्नो क्षेत्रमा पैदलमार्ग निर्माण गरेमा पर्यटन विकासले धेरै फड्को मार्नेछ', नगरप्रमुख थापाले भने । नेपालमा कालीगण्डकी नदीको सभ्यता निकै नै पुरानो मानिन्छ । पाल्पाको राम्दीदेखि देवघाटसम्म एक ठाउँमा कालीगण्डकी उत्तर दिशातर्फ बगेकाले यसलाई उत्तरवाहिनी नदी पनि भनिन्छ ।

लुम्बिनी र गण्डकी दुई प्रदेश बीचको साझा नदी भएकाले नदीको तटमा पैदलमार्ग निर्माण गरेपछि नदी वारिपारिको पर्यटन विकास, स्थानीयको दैनिक जीवनयापनमा धेरै फाइदा पुग्ने रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपानेले बताए । 'पैदलमार्ग निर्माणले कालीगण्डकीको संरक्षण हुनुका साथै स्थानीयको आयआर्जनको माध्यम बन्नेछ', उनले भने, 'कालीनदीको प्राकृतिक पर्यावरणलाई जोगाएर पर्यटन विकासका क्षेत्रमा काम गर्दा यससँग जोडिएका स्थानीय तहको पर्यटन विकासमा टेवा पुग्नेछ ।' न्यौपानेका अनुसार पैदलमार्ग बनेपछि पर्यटकीय सहर पोखरा र लुम्बिनी आएका बाह्य पर्यटकपनि रामपुर भित्रिनेछन् । पारिवारिक जलयात्राका लागि उत्तम मानिएको कालीगण्डकी नदीमा व्यावसायिक जलयात्रा नियमित सञ्चालन गर्ने नगर सरकारको योजना छ । जलयात्रा सञ्चालनका लागि नगरपालिकाले यसअघि नै परीक्षण गरिसकेको छ ।

परीक्षणका क्रममा विज्ञले यस नदीलाई व्यावसायिक रुपमा जलयात्रा सञ्चालन गर्न सुझाव दिएका छन् । कालीगण्डकी नदी ऐतिहासिक धार्मिक तथा पौराणिक एवं पर्यटकीय सभ्यता बोकेको नदी हो । दामोदर कुण्डदेखि बहेकी कालीगण्डकी नदीको महत्व र पर्यटन विकासका विषयमा बेलाबेलामा बहस हुने गरेका छन् । मुक्तिनाथदेखि देवघाटसम्म थुप्रै धार्मिकस्थल जोडिएका छन् ।


*(...बाँकी अन्तिम पेजमा)*







## आज विश्व जनसंख्या दिवस मनाइदैं

**पाल्पा,** असार २५/आज विश्व जनसंख्या दिवस मनाइदैं छ । नेपालमा पनि विविध कार्यक्रम गरी यो दिवस मनाउने गरिन्छ । सन् १९८९ बाट हरेक वर्ष विश्वभरिका जनसंख्याका मुद्दाहरुलाई सम्बोधन गर्ने हेतुले विश्व जनसंख्या दिवस हरेक वर्ष जुलाई महिनाको ११ तारेखका दिन मनाउन थालिएको हो । जसका माध्यमबाट विश्वमा रहेका जनसंख्यासँग सम्बन्धी समस्या उठाइ त्यसका बारेमा जनचेतना अभिवृद्धि गर्ने गरिन्छ ।




जनसंख्या थोरै भएमा थोरै श्रोतले पनि गुणस्तरयूक्त जीवन धान्न मिल्ने तथ्य आफ्नो ठाउँमा छ तथापि विकास अनि समृद्धिका लागि चाहिने जनशक्तिको पूर्णता पनि जनसंख्याले नै गर्ने त हो । एउटा सन्तुलित जनसंख्या वेगैर कुनैपनि देशको सुरक्षा, विकास दीगो भविष्यको कल्पना पनि गर्न सकिन्न । विश्वको शक्तिकेन्द्र तथा विश्वको जनसंख्यामा आफ्नो अधिक्तम स्थान राख्ने चीनले बढ्दो जनसंख्याको भयलाई बुझेर एक सन्तान प्रणाली लागू गरेकोमा, पछिल्लो समय जनसंख्याको एउटा स्तर हासिल गर्न लामो समयको अध्ययन पश्चात् सन् २०१५ मा दुई सन्तान जन्माउन अनुमति सहित आफ्नो जनतालाई आह्वान गरेको छ । यस्तै संसारमै सबैभन्दा व्यस्त जीवनशैली अपनाएका जापानीहरूलाई समेत आफ्नो व्यक्तिगत तथा पारीवारीक समय निकाल्न तथा बढ्दो वृद्धवृद्धाहरूको जनसंख्यासंग तालमेल मिलाउन विभिन्न योजनासहितका सन्तान प्राप्ति अर्थात बच्चा जन्माउन प्रेरित गरिन्छ भने अन्य थुप्रै देशहरुमा जनसंख्याको एउटा निश्चित स्तर तथा सन्तान उत्पादनको निराशाजनक उदाहरणहरू बढ्न थालेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बसाइसराई विकासको बाधक

राजनैतिक वृतमा अहिले युवाहरुको आर्कषाण दिनप्रति दिन बढिरहदा, देशका ३५ प्रतिशत सक्षम युवाहरु विदेशिने क्रम पनि बढेर गएको अवस्था छ । यस्तो परिस्थितिको सही मूल्याङ्कन गरेर योजना निर्माण हुन नसक्दा मुलुक वृद्धवृद्धाहरुको वासस्थानका रुपमा परिणत हुने खतरा बढ्ने संकेतहरु देखिदैं गएका छन् । राज्यका हरेक नीति निर्माण र योजनामा युवा लक्षित कार्यक्रमले स्थान नपाउने हो भने हामी भूगोल र प्रकृतिका धनी भइरहने र मानव आवास रहित देशका रुपमा विकसित हुने बाहेक केही पनि हुन सक्दैन । तराई, पहाड, हिमाल जस्तो विविधता युक्त हाम्रो मुलुकको पहाडी भू–भागबाट बढ्दो बसाईसराई र वातावरणको क्षयीका कारण पनि यी सबै समस्याहरु उत्पन्न हुने क्रम बढेका हुन् । गत दुई दशक पहिला विकास नभएका कारण पहाडबाट तराई बसाईसराई गर्नेहरुले आज विकासका ठूला योजनाहरु पहाड छिरेको टुलटुल हरिरहेका छन् तर त्यहाँका गाउँहरु भने दिनप्रति दिन खाली भइरहेका छन् । यसका लागि एकिकृत वस्ती र ग्रामीण वातावरणको साना र मझौला किसिमका शहरीकरण गर्नुका साथै स्वरोजगार र उद्यमशीलताका लागि आवश्यक पहल कदम गर्नुपर्ने देखिन्छ ।

परम्परागत रैथाने खेती, पशुपालन र फलफूलको व्यवसायिकतामा जोड दिनुका साथै पहाडको उत्पादनलाई समयमा बजारीकरण गर्ने खालका नीति र बजेट नबन्दासम्म केवल बाटो खन्दैमा बसाईसराई रोकिन्छ र देश बन्छ भन्ने कुरामा लाग्नु आफैमा अत्यान्तै समस्या युक्त अवस्था हो । यसबाट समग्र मुलुकको विकास हुँदैन । भारतीय सीमा क्षेत्र र तराईका भू–भागमा अधिक जनघनत्वको चाप बढ्ने, पहाड अनि हिमालहरु बस्ती रहीत हुने अवस्थाबाट कसरी बच्न सकिन्छ र समग्र मूलकको जनघनत्वको प्रभावलाई तराई, पहाड र हिमाललाई समान किसिमबाट विकास गर्न सकिन्छ भन्ने विषय आजको आवश्यकता हो ।

## Opinion @ Social Network

धेरै बहकिदा मन कतै गिर्न सक्छ, मिठा दुई शब्दले मन फेर्न सक्छ !
याद गर्नु जिब्रो फलामले बनेको हुन्न, तर त्यसको धारले मन चिर्न सक्छ !!
*(मदन क्षेत्रीको फेसबुक स्टाटस https://www.facebook.com/madan.chhetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्थानीय सरकार : कति शासक, कति विकास ?



**सीएन थारू**

*आम बुझाइ भनेको स्थानीय सरकार विकास र जनताको सहज पहुँच कायम हुनका लागि व्यवस्था भएको हुन्छ । यो स्वाभाविकै हो कि जनताको प्रत्यक्ष मतदानमार्फत प्रमुख, उपप्रमुखहरू चुनिने प्रक्रिया छ । यसरी कार्यपालिका प्रत्यक्ष मतदानले चुनिने व्यवस्थाले जनसरोकारका विषय पनि स्थानीय सरकार तत्काल सम्बोधन गर्न लागि पर्ने हो । यसका लागि विकास योजनामा जनताको सहभागिता हुने विषय महत्त्वपूर्ण देखिन्छ । व्यवहारमा त्यसको उल्टो काम हुने गरेको छ ।*

संघीयता कार्यान्वयनका क्रममा एक कार्यकाल पूरा गरी दोस्रो कार्यकालको एक वर्ष पूरा गरे स्थानीय सरकारले तर आमजनताको भरोसाको केन्द्र बन्नै सकेनन् । स्थानीय सरकार भनेको सेवा प्रदायक निकाय भनेर आम जनताको बुझाइ भए पनि प्रशासनिक सास्ती कम बेहोर्नु परेको महसुस अझै गर्न सकेको पाइँदैन । यसका कारण अनेक हुन सक्लान् तर स्थानीय सरकार सञ्चालन ऐन २०७४ र स्थानीय स्वायत्त शासन ऐन २०५५ को अभ्यास प्रभावकारी तवरले हुन सक्यो कि सकेन भने प्रश्न टड्कारो देखियो । कर्मचारीतन्त्र हाबी हुने अवस्था केले ल्यायो ? अर्थात् यहाँ पञ्चायतकालीन मानसिकता वा केन्द्रीकृत प्रवृत्ति अझै परिवर्तनकारी दलहरूको नेतृत्व पङ्क्तिबाटै प्रदर्शन गरिनुको पछाडि कुन शक्तिले काम गरेको छ ? यही सन्दर्भमा उपरोक्त प्रश्नको जवाफ खोज्ने जमर्को यहाँ गरिएको छ ।

स्थानीय सरकार प्रत्यक्ष जनसरोकारको विषयमा बोल्न सक्ने र पहलकदमी लिन सक्ने हुनु पर्छ । जनताबाट प्रत्यक्ष निर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष एवं सदस्यहरू स्थानीय तहका योग्य प्रतिनिधि ठहर्छ । हो, त्यही सरकार कति शासक, कति विकास ? भन्ने प्रश्न अहिले उठ्ने गरेको छ । प्रश्नको गम्भीरता सायद कम होला तर यी प्रश्न जनताको भोगाइलाई प्रतिनिधित्व गर्छ । विकासमा जनसहभागिता माग गर्छ र जनचाहना बमोजिम विकासको परिभाषा खोजिन्छ । असारे विकासको बतास चलेसरी स्थानीय सरकार आफ्नो दक्षता मापन गर्दै आएको छ । यसको पटाक्षेप पनि हुँदै आएको छ र विकासमा बाटोघाटो विस्तार भएको तथ्याङ्क देखाउँदै ग्राभेल बाटोले गाउँटोलमा साँचिक्कै सिंहदरबार आइपुगेको बताउँदै आए । यथार्थ के हो ? यसबारे सही तरिकाले विमर्श हुन सकेको छैन । योजनाबद्ध विकास आज पनि आवश्यक रहेको छ । भारतमा कुनै बेला प्युरा विकास मोडेल चर्चाको विषय बनेको थियो । उक्त विकास मोडेल अनुसार सहरी तथा ग्रामीण क्षेत्रमा विकासमार्फत एकले अर्कोलाई लाभान्वित बनाउने योजना थियो । त्यसले ग्रामीण जनतालाई विकास अवधारणासम्बन्धी विमर्शमा तान्न सफल देखियो ।

नेपालमा हाल विकासको अवधारणा र बजेटको सैद्धान्तिक पक्ष जे संघीय सरकारमार्फत् किटान भएको छ, बाँकी स्थानीय सरकारले समेत सोही अवधारणा बमोजिम चल्नुपर्ने बाध्यता देखिनु स्वायत्त शासनको परिधिभित्र पर्दैन भन्ने बुझिन्छ । सैद्धान्तिक रूपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा स्थानीय स्वायत्त शासन ऐन २०५५ अहिले पनि निर्देशन गर्न सक्यो कि सकेन ? यो मनोविज्ञानले स्थानीय सरकार उपरोक्त दुईवटै ऐनको प्रस्तावनालाई अङ्गीकार गर्ने आँट देखाउन सकेको छैन । कर्मचारीतन्त्रको भरमा उही केन्द्रीयता हाबी बन्नु अस्वाभाविक होइन भन्ने हो ।

### कति विकास ?

हामीले सेवा प्रदायक निकायका रूपमा स्थानीय सरकारलाई लिने कि नलिने ? वर्षभरिका विकास योजनाहरू अन्तिम समयमा आएर चारो छरे जस्तो काम अगाडि बढाउँदा विकासका लागि उत्तरदायी रहेको हो कि होइन ? आफ्नो क्षेत्राधिकारभित्र परका अधिकार सूचीमा बलियोसँग नियन्त्रण लिनु स्थानीय सरकारको क्षमताको विषय त हुन् नै । यसलाई अभ्यासमा फितलो प्रस्तुति हुँदा जिम्मेवार प्रमुख, उपप्रमुखहरू हुने कि नहुने ? आदि प्रश्नहरू जबरजस्त उठेका छन् । आम बुझाइ भनेको स्थानीय सरकार विकास र जनताको सहज पहुँच कायम हुनका लागि व्यवस्था भएको हुन्छ । यो स्वाभाविकै हो कि जनताको प्रत्यक्ष मतदानमार्फत प्रमुख, उपप्रमुखहरू चुनिने प्रक्रिया छ । यसरी कार्यपालिका प्रत्यक्ष मतदानले चुनिने व्यवस्थाले जनसरोकारका विषय पनि स्थानीय सरकार तत्काल सम्बोधन गर्न लागि पर्ने हो । यसका लागि विकास योजनामा जनताको सहभागिता हुने विषय महत्त्वपूर्ण देखिन्छ ।

व्यवहारमा त्यसको उल्टो काम हुने गरेको छ । केही मात्र उम्मेदवारहरू दोस्रो पटक २०७९ सालमा स्थानीय तहमा निर्वाचित हुन सफल भएको देखिन्छ । यसको अर्थ स्थानीय सरकार जनउत्तरदायी बन्न नसकेको हो भन्ने बुझाउँछ । निर्वाचित प्रमुख, उपप्रमुखहरूले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावना र मर्म पक्रन नसकेको स्पष्ट हुन्छ । त्यसैले होला उनीहरूले भन्दै आएका राम्रो काम जनताले अपनत्व ग्रहण गर्न सकेनन् । साथै देखिने कामसँगै हरेक ठाउँमा नदेखिने भ्रष्टाचार हुँदै आएको तथ्यप्रतिको बुझाइ असत्य पक्कै होइन । स्थानीय विकास निर्माण कार्य खासगरी उपभोक्ता समितिमार्फत हुने नियमावली बनाएका हुन्छन् । यसरी उपभोक्ता समिति गठन गर्दा औपचारिकता पूरा गर्न राजनीतिक दलका सदस्यहरू भेला भएर बाँडीचुँडी खाने जसरी बनाउँछ । सो उपभोक्ता समितिका महिला सदस्यहरू त्यही लोभमा प्रतिनिधित्व गर्दै आएको हुन्छ । त्यसो त अरूलाई खासै चासो पनि हुन्न । त्यसको एक मात्र कारण यी प्रक्रिया सेटिङमार्फत् जटिल बनाएर राखेका हुन्छन् । सूचना ती व्यक्तिहरूले मात्र प्राप्त गर्दा रहेछन् जो थोरै भए पनि वडाका योजनाहरूमा चासो राख्दै आएका हुन्छन् । यसरी सीमित व्यक्तिहरूको नियन्त्रणमा टोलका बाटो, मन्दिर, पोखरी डिल निर्माणलगायत नालाहरू तयार हुनु नै विकास बुझिने र त्यसमा छुट्याएका रकम बजेट बुझ्ने सामुदायिक चेत भ्रष्टाचार तथा सूचनाको हकसम्बन्धी खासै बुझ्न खोजेनन् अथवा राजनीतिक दलहरूले ती विषयमा बुझाउन खोजेनन् । यसको दुरगामी असरे विकास अवधारणामा पर्ने देखिन्छ । विद्यालय खाली हुन लागेकोमा चिन्ता रहेन, न त उपभोक्ता हितबारे कुनै गतिविधि देखिन्छ । स्वस्थ्य र शान्ति सुरक्षा त दलालको हातमा पुगेको अवस्था छ । स्थानीय जनता प्रहरीचौकीमा गएर आफ्नो पीडा पोख्न सक्ने भएका छैनन् र स्वास्थ्य केन्द्रमै गएर आफ्नो उपचारका लागि पहल लिन सकेको छैन । यी त प्रतिनिधि घटना मात्र हुन् । महिला हिंसा तथा सामाजिक विकार तत्त्वहरू सतहमै देखिएको समयमा स्थानीय तहको ध्यान पुगे कि पुगेन ? भन्ने यक्ष प्रश्न छ ।

स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय स्वायत्त शासन ऐन मुताबिक स्थानीय तहमा शिक्षा, स्वास्थ्य, रोजगार तथा शान्ति सुरक्षा कायम गराउन र विकास योजनाहरू जनसहभागिताको आधारमा सम्पन्न गर्न सक्षम र प्रभावकारी देखिने छन् । विडम्बना, माध्यमिक तथा आधारभूत शिक्षासम्म प्रत्यभूत गर्न सक्ने हकलगायत विविधता संरक्षण तथा वनजंगल र वातावरण प्रवर्द्धन गर्न आवश्यक नीतिसमेत तयार गर्न हम्मे परेको छ । अहिलेसम्म औँलामा गन्न सकिने स्थानीय तहले आफ्नो कामकाजी भाषाका रूपमा नेपाली भाषाबाहेक अन्यलाई व्यवहारमै स्वीकार गरिएको अवस्था छ । यसले स्थानीय सरकार क्षणिक लाभ तथा लोकरिझाइँको लहरमा बग्दै आएको छ । अनुत्पादक क्षेत्रमा लगानी गर्दै स्थानीय सरकार आफ्नै गाउँठाउँबाट श्रमका लागि विदेश रोज्ने प्रवृत्तिलाई प्रोत्साहित गर्दै आएको छ ।

### कति शासक ?

पत्रकार चन्द्रकिशोरको सटिक टिप्पणी के छ भने नगरपालिकाहरूको काम कारवाही तथा मेयरहरूको चाल-ढाल र कार्यशैली हेर्दा हिन्दी चलचित्रको एउटा गीतले त्यो स्पष्ट गर्ला-

साला, मैं तो साहव बन गया,
अरे साला, मैं तो साहव बन गया,
रे साहव बनके कैसा तन गया,
ये जुत्ता मेरा देखो, ये कुर्ता मेरा देखो
जैसे सब कोई अपने मर्ति का....

गाउँठाउँमा सिंहदरबारको नारा दिएर स्थानीय सरकारको अवधारणा लागु गर्न पुगे । यसको प्रभाव स्वरूप अब स्थानीय तहमा समेत कार्यपालिका गठनदेखि न्यायिक गतिविधिहरू गर्न सक्ने बताएको छ । यसले शासन प्रणाली ढाँचा बनाए तर अधिक मात्रामा स्थीय सरकार सेवा प्रदायक नै हुन र जनता सेवा ग्राही । निर्वाचित हुँदा आफ्नै स्थानीय व्यक्ति छनोटमा पर्ने भएकाले आवश्यकता परेको बेला उनलाई सम्झिन सक्ने र समस्या समाधानमा सहयोग लिन सक्ने हो । साँचो अर्थमा यिनीहरूबाट नै अपेक्षा अधिक हुने गर्दछ । यो स्वभाविक जनमतलाई शासकीय चरित्र असहज लाग्छ तर जब कामको सिलसिलामा कार्यालय पुग्छ, प्रशासनिक झमेला उत्तिक्कै भोग्नुपरेको हुन्छ । सामान्य कामका लागि दिनभरि कुर्न लगाउने प्रवृत्ति कसरी विकास हुन पुग्यो ? यो कर्मचारीतन्त्रको केन्द्रीकृत मानसिकताको प्रतिफल हो । अहिलेसम्म पनि संघीय निजामती सेवा ऐन तथा संघीय शिक्षा ऐन बनाउन सैँय सरकारले पहल लिन सकेनन् । त्यसको असर स्थानीय सरकार प्रत्यक्ष रूपमा भोग्न बाध्य रहेको छ । साथै भएकै मौजुदा कानुनहरू पनि सही र प्रभावकारी तवरले कर्मचारीहरू अभ्यास गर्न तयार देखिएको छैन । यो मामिलामा प्रमुख तथा उपप्रमुखसमेतले नेतृत्व दिन सकिरहेको पाइँदैन ।

अन्त्यमा स्थानीय सरकारको प्रभावकारिता सम्बन्धित स्थानीय तहको कार्यपालिका र प्रशासनको आँटमै निर्भर रहेको बुझ्न सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्देशित गरेको काम, कर्तव्य र अधिकार ठिक ढङ्गले प्रयोग भए सुधारका संकेतहरू देख्न थाल्ने छन् । यसमा कर्मचारीहरू जो सेवा आयोग उत्तीर्ण गरेर विभिन्न ओहोदामा जिम्मेवारी लिएर बसेका छन् ती कर्तव्यनिष्ट र सहयोगी भएको खण्डमा स्वशासनको आभाष जनताहरूले प्राप्त गर्न सक्ने परिस्थिति बन्न सक्छ । त्यसो हो भने स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा गराए त्यसले नयाँ परिस्थिति निर्माणमा टेवा प्रदान गर्न सक्छ । यद्यपि अहिले समेत प्रतिपक्षीविहीन स्थानीय तह भएर चलेकै छ । विकासको अवधारणाउपर बहस चलाउन स्थानीय तह सक्षम रहेको छ । यो बहसमा प्रमुख, उपप्रमुखलगायत स्थानीय अधिकारीहरू खरो उत्रन सके मात्र जनसहभागितामा आधारित विकास अगाडि बढाउन सकिएला । किन जनताहरू अहिले बजेट पर्खेर बस्छन् अथवा बजेटमार्फत मात्र विकास सम्भव रहेको बुझ्न थाले ? विडम्बना के छ भने यसरी बुझाउन राजनीतिक दलहरूको भूमिका रहेको छ । राजनीतिक दलहरूले हाम्रो दललाई निर्वाचनमा सघाउने हो भने हामी विकास गरेर देखाउँछौं भन्दै संकल्प पत्र जारी गरेका हुन्छन् । यी संकल्प पत्रहरू निर्वाचनपश्चात रद्दीको टोकरीमा विलीन हुँदा रहेछन् । सारमा स्थानीय सरकार शासकीय चरित्र धारण गर्दै जनसरोकारका विषयलाई नजरअन्दाज गर्दैछ । साथै भ्रष्टाचारीहरूलाई संरक्षण दिने तथा कार्यकर्ता पोस्ने काम योजनाबद्ध गर्न रतिभर लाज मानेको छैन । खुलेआम सर्वसाधारणलाई चुनौती दिएर दलका कार्यकर्ताहरू माथिसम्मै पहुँच रहेको कारण मलाई फरक पर्दैन भन्दै धम्क्याउने गरेका छन् । यसको उपचार अर्को निर्वाचन मात्र हुने होइन होला नि ?

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कुनै कुराले मनमा शान्ति छाउनेछ । पारिवारिक सहयोग पनि मिल्नेछ।
**वृष** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। व्यावसायिक काममा राम्रो हुनेछ ।
**मिथुन** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।
**कर्कट** : समस्या खेप्नुपर्नेछ । अनावश्यक धन खर्च हुँदा मानसिक चिन्ता बढ्नेछ ।
**सिंह** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। कार्यमा अधिक सफलता मिल्नेछ ।
**कन्या** : पारिवारिक सद्भाव बढ्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् ।
**तुला** : प्रेम बढेर जानेछ । रोकिएका अधुरा पुराना कामहरू पुरा हुनेछन् ।
**वृश्चिक** : काम बिग्रने डर छ । बोलीको विपरीत अर्थ पनि लाग्न सक्नेछ ।
**धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। अकस्मात् धन सम्पत्ति हात पर्नेछ ।
**मकर** : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । मेहनतको प्रशंसा हुनेछ ।
**कुम्भ** : जोश जाँगर र हिम्मत बढ्नेछ। दैनिक कार्यहरूमा प्रगति हुनेछ ।
**मीन** : कामले अरूको मन लोभ्याउन सकिनेछ। मित्रबाट सहयोग पनि मिल्नेछ ।

चना प्रविधि

# गुगल, फेसबुक, माइक्रोसफ्ट लगायत छ कम्पनी नेपालको कर प्रणालीमा दर्ता

सूचना प्रविधि र डिजिटल सेवाका क्षेत्रमा काम गरिरहेका गुगल, फेसबुक र माइक्रोसफ्ट लगायतका छ वटा अन्तर्राष्ट्रिय कम्पनी नेपालको कर प्रणालीमा दर्ता भएका छन् । नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी व्यवस्था गरेको थियो । सोही व्यवस्थाअनुसार हालसम्म छवटा विदेशी कम्पनी दर्ता हुन आएको ठूला करदाता कार्यालयका कर अधिकृत साधुराम पुडासैनीले जानकारी दिए । विद्युतीय सेवा कर तिर्ने कम्पनी ठूला करदाता कार्यालयमा दर्ता भइरहेका छन् । यस्ता कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भए पनि अधिकांश कम्पनी भने अझै कर प्रणाली बाहिर छन् । ठूला करदाता कार्यालयका अनुसार सिङ्गापुरमा कार्यालय रहेका तीनवटा कम्पनी गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड र लिङ्डइन सिङगापुर प्राइभेट लिमिटेड दर्ता भएका छन् ।

त्यस्तै, संयुक्त राज्य अमेरिकाको ब्लुमिङ्टन ठेगाना राखिएको एनसीएस पिअर्सन इन्कर्पोरेसन र वेल्मिङ्टन काउन्टी अफ न्यू क्यासल ठेगाना भएको इब्स्को इन्टरनेसनल इन्कर्पोरेस पनि ठूला करदाता कार्यालयमा दर्ता भएका हुन् । डब्लिन आयरल्यान्ड ठेगाना भएको मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड पनि नेपालमा दर्ता भएको छ । हालसम्म नेपालमा दर्ता भएका कम्पनीमध्ये गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड विश्वको सबैभन्दा ठूलो सर्च इन्जिनमध्येको एक गुगलको माउ कम्पनी हो । त्यस्तै सामाजिक सञ्जाल फेसबुक (इन्स्टाग्राम र ह्वाट्सएपसमेत) र लिङ्डइन पनि दर्ता भएका छन् । दर्ता भएका अरु कम्पनीमध्ये एनसीएस पिअर्सन इन्कर्पोरेसनले विभिन्न खालका मोबाइल एप्लिकेसन बनाउने गर्छ भने इब्स्को इकर्पोरेसनले रिसर्च प्लेटफर्म र डाटाबेस व्यवस्थापनसँग सम्बन्धित कम्पनी हो । माइक्रोसफ्ट पनि सफ्टवेयर निर्माण र सूचना प्रविधिका क्षेत्रा विश्वकै ठूलो कम्पनीमध्ये एक हो । चालु आर्थिक वर्षको आर्थिक ऐनले ‘गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ’ भनी व्यवस्था गरेको थियो । वार्षिक रु २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ । ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्ष अनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आबद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट छैन । करदाता कार्यालय दर्ता भइसकेका विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भए पनि दर्ता नै नभएका कम्पनीलाई कस्तो कारबाही हुने भन्ने प्रस्ट छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ । यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवाना समेत लाग्नेछ भनी व्यवस्था गरिएको छ तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्य रुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीं पनि राखिएको देखिँदैन । नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाल लगायत डिजिटल कारोबार गर्ने कम्पनीलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले समेत देखाएका छन् । मन्त्रिपरिषद्को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको ‘राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९’ ले पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ । “नेपालमा कानुनीरुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्”, प्रतिवेदनमा भनिएको छ । राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । “बजारसम्बन्धी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रतिविज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ । सो आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो”, राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, “यस प्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेबापत फेसबुकले वार्षिक ६० अर्बभन्दा बढी रकम आय गर्दै आइरहेको छ ।” -रासस

# हरियालीमा बस्ने मानिसको उमेर साढे दुई वर्षसम्म लम्बिन्छ



उमेर कसरी बढाउने ? यसबारे वैज्ञानिक लगातार अनुसन्धान गरिरहेका छन् । कोही त अमर हुनेसम्मका कुरा गरिरहेका छन् । अमर हुने सूत्र त अहिलेसम्म फेला पर्न सकेको छैन तर लामो उमेरको एक सहज र सुन्दर तरिका भने पक्कै भेटिएको छ । अमेरिकाको नर्थवेस्टर्न युनिभर्सिटीको ताजा शोधमा दाबी गरिए अनुसार हरियाली इलाकामा बस्ने मानिसमा विभिन्न खालको जैविक र मोलिक्युलर परिवर्तन आउँछ । यसले उनीहरूको जैविक उमेर घटाउँछ जसले क्रोनोलोजिकल अर्थात् वास्तविक उमेर लामो हुन्छ । शोध यसै साइन्स एड्भान्सेज पत्रिकामा छापिएको छ ।

व्यक्तिको खानपान र जीवनशैली कस्तो हुन्छ, त्यसमा नै उनीहरूको जैविक उमेर निर्धारण हुन्छ । यदि मानिसको बायोलोजिकल उमेर उनीहरूको क्रोनोलोजिकल उमेरभन्दा बढी छ भने उनीहरू छिट्टै बुढो हुन्छन् । बुढेसकालमा देखिने रोगले उनीहरूलाई पहिले नै घेर्छ र मृत्यु पनि छिट्टै हुन्छ । यहाँ क्रोनोलोजिकल उमेरको अर्थ वास्तविक आयु हो । विशेषज्ञका अनुसार बायोलोजिकल उमेर यदि वास्तविक उमेरभन्दा कम छ भने यस्ता व्यक्ति अन्यको तुलनामा बढी समयसम्म युवा देखिन्छन् । पहिला यो उमेर घटाउनका लागि हरियो तरकारी खान र व्यायाम गर्न भनिन्थ्यो । तर हरियो तरकारी खानुका साथै हरा-भरा ठाउँमा बस्दा पनि उमेर लम्बिन्छ । अनुसन्धानका लागि अमेरिकाका ४ सहर छानियो । यसलाई पनि दुई भागमा बाँडिएको थियो । एक हरियाली क्षेत्रमा बस्ने मानिस र अर्को कङ्क्रिट बीच बसिरहेका मानिस । लगभग ९०० मानिसमा गरिएको यो शोध दुई दशकसम्म चल्यो । यसको उद्देश्य हरियालीको लामो सम्पर्कमा रहँदा स्वास्थ्यमा कस्तो असर पर्छ भनेर थाहा पाउनु थियो । अनुसन्धाताले यी मानिसका डिएनएको परीक्षणमा एक केमिकल परिवर्तन देखे जसलाई मिथाइलेसन भनिन्छ । हुन त यो प्रक्रिया डिएनएमा भइरहन्छ तर उमेर बढेसँगै यसमा परिवर्तन देख्न थाल्छ । यसलाई एपिजेनेटिक क्लक भनिन्छ । यो घडीले हामी जवान वा बुढो भएको कुरा बताउँछ ।

अनुसन्धानमा पाइए अनुसार हराभरा स्थानमा बस्ने मानिसमा एपिजेनेटिक क्लक निकै बिस्तारै चलिरहेको थियो । जसको घरमा ५ किलोमिटरको रेडियसमा ३० प्रतिशतसम्म हरियाली थियो, उनीहरू ती व्यक्तिको तुलनामा साढे दुई वर्ष युवा देखिन्थे जसको घर वरिपरि २० प्रतिशतसम्म हरियाली थियो । वर्षको सुरुवातमा फिनल्यान्डबाट पनि यस्तै एउटा अनुसन्धान आएको थियो जसले हरियाली बीच बस्न सुझाएको थियो । फिनिस इन्स्टिच्युट फर हेल्थ एन्ड वेलफेयरको अनुसन्धानले पार्कको सैर गर्नेहरूले उच्च रक्तचाप र दमजस्ता रोगमा औषधीमाथि उनीहरूको निर्भरता निकै कम हुन्छ । यहाँसम्म कि सधैं पार्क जाने डिप्रेसनका बिरामीको डोज पनि सिधै ३३ प्रतिशतसम्म घट्छ । यसअघि कम तापक्रमलाई लामो आयुसँग जोडिइसकेको छ । जर्मन युनिभर्सिटी अफ कोलोजनका अनुसन्धानकर्तालाई विश्वास गर्ने हो भने लामो उमेरमा यो पनि एक कारक हो । कम तापक्रममा बस्न जनसंख्या बढ्दो उमेरसँगै देखिने थुप्रै रोग जस्तै अल्जाइमर्स र डिमेन्सियाबाट केही हदसम्म बच्न सक्छन् र उनीहरूको औसत आयु पनि तातो इलाकाको जनसंख्याभन्दा बढी नै हुन्छ ।

-रातोपाटी डटकम

# भिभोको वाई सिरिज स्मार्टफोनहरू विशेष छुटसहित बजारमा




ग्लोबल टेक्नोलोजी ब्रान्ड भिभोले जुलाई १ देखि जुलाई ३१ सम्म ‘मनसुन फेस्टिभल’ योजना ल्याएको छ । जस अन्तर्गत वाई सिरिजका डिभाइसहरूमा भिभोले मूल्य घटाएको बताएको छ । कम्पनीले वाई२२एस, वाई१५सी, वाई१६, वाई०२, वाई२२ र वाई०१ स्मार्टफोनहरूमा केही समयका लागि विशेष छुट दिने घोषणा गरेको छ ।

**कुन स्मार्टफोनमा कति पाइन्छ छुट ?**

**वाई२२एस**

भिभो वाई२२एस मा शक्तिशाली स्न्याप ड्रागन ६८० प्रोसेसर रहेको छ जसले हरेक कार्यलाई सहज बनाउँछ । यो फोनमा १८ वाटको फास्ट चार्ज सहितको बलियो ५०००एमएएच ब्याट्री रहेको छ । यस अघि उक्त स्मार्टफोनको मूल्य २७ हजार ९९९ रुपैयाँ रहेकोमा अफर अवधिभर २५ हजार ४९९ रुपैयाँमा उपलब्ध हुने कम्पनीको भनाइ छ ।

**वाई१५सी**

वाई१५सी एचडी प्लस स्किन र आई प्रोटेक्शन मोड सहित ६.५१ इन्चको हलो फुलभ्यू डिस्प्लेमा आउँछ । यो स्मार्टफोन इमर्सिभ र उत्कृष्ट मनोरञ्जनात्मक अनुभवका लागि युवाहरूमाझ निकै लोकप्रिय छ । यसमा शक्तिशाली ५००० एमएएच ब्याट्री, साइड-माउन्टेड फिंगरप्रिन्ट स्क्यानर र शक्तिशाली १३एमपीको डुअल क्यामेरा पनि रहेको छ । यस फोनको मूल्य १७ हजार ९९९ रुपैयाँबाट घटेर १४ हजार ९९९ रुपैयाँ पुगेको छ ।

**वाई१६**

वाई१६ स्मार्टफोनमा सुलभ मूल्य ल्यागशिप स्मार्टफोनको अनुभव प्रदान गर्न स्लिक डिजाइन र शक्तिशाली प्रोसेसिङ क्षमताहरू रहेको छ । यस स्मार्टफोनमा ४जिवी ऱ्याम + ६४जिवी रोम रहेको छ । साथै, यसमा ५००० एमएएच ब्याट्री र सहज ह्यान्डलिङ प्रदान गर्नका लागि साइड फिंगरप्रिन्ट स्क्यानर रहेको छ । यस डिभाइसमा ए आई डुअल क्यामेरा प्रणाली छ जसमा १३ एमपी प्रमुख क्यामेरा र २ एमपी म्याक्रो क्यामेरा रहेको छ । यसबाट प्रयोगकर्ताहरूले आकर्षक तस्बिरहरू खिच्न सक्ने कम्पनीको भनाइ छ । १८ हजार ९९९ रुपैयाँ मूल्य रहेको यस स्मार्टफोन मनसुन फेस्टिभल अफरअन्तर्गतको छुटपछि नयाँ मूल्य १७ हजार ९९९ रुपैयाँमा उपलब्ध हुनेछ ।

**वाई०२**

वाई०२ एक नवीन र सुविधायुक्त स्मार्टफोन हो जुन ५०००एमएएच ब्याट्री र ३जिवी ऱ्याम + ३२जीवी स्टोरेज रहेको छ । यसमा ६.५१ इन्चको एचडी+ इन्सेल डिस्प्लेको साथमा आइ प्रोटेक्शन मोड रहेको छ जसले उत्कृष्ट भ्यूइंग अनुभव प्रदान गर्छ । यो स्मार्टफोनको मूल्य १२ हजार ४९९ रुपैयाँबाट घटाएर अफर अवधिका लागि ११ हजार ९९९ रुपैयाँमा उपलब्ध गराइनेछ ।

**वाई२२**

वाई२२ ले यसको प्रभावकारी लुक्स, नवीनतम इमेजिङ प्रणाली र उत्कृष्ट कार्य सम्पादनका लागि देशभरबाट राम्रो प्रतिक्रिया पाइरहेको छ । शक्तिशाली मिडियाटेक हेलियो जीω५ प्रोसेसर रहेको यस स्मार्टफोनमा १८ वाटको फास्ट चार्ज र ५०००एमएएच ब्याट्री रहेको छ । उक्त फोनमा ५० एमपी रियर क्यामेरा छ । साथै यसमा मल्टी स्टाइल पोर्ट्रेट सुविधा र सुपर नाइट मोड जस्ता क्यामेरा विशेषताहरू रहेका छन् । यो आकर्षक स्मार्टफोनको बजार मूल्य २२ हजार ९९९ रुपैयाँ भएतापनि ३१ जुलाईसम्म २१ हजार ४९९ रुपैयाँमा उपलब्ध हुनेछ ।

**वाई०१**

वाई०१ स्मार्टफोनमा ६.५१ इन्चको हलो फुलभ्यू डिस्प्ले र ५०००एमएएच ब्याट्री रहेको छ । यस बाहेक यसमा स्टाइलिश धिडी ब्याक कभर रहेको छ । यसको ८.२८ एमएम पातलो बडीले फोनलाई समकालीन रूपमा सुन्दर र आकर्षक बनाएको छ । १३ हजार ९९९ रुपैयाँ बजार मूल्य रहेको यो स्मार्टफोन अफर अवधिसम्म १२ हजार ९९९ रुपैयाँमा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

-सेतोपाटी डटकम

# एलन मस्कको नक्कली आईडीबाट जुकरबर्गलाई धम्की

ट्विटरका मालिक एलन मस्कले ट्विटरको जस्तो फिचर बनाएको भन्दै मेटा कम्पनीका मालिक मार्क जुकरबर्गमाथि कानूनी लडाइँ लड्ने बताएका छन् । उनले आफूले ट्विटर एपका लागि ४४ बिलियन अमेरिकी डलर खर्च गरेको भन्दै अहिले आएर जुकरबर्गले त्यस्तै फिचर बनाएर थ्रेड्स एप लन्च गरेको भन्दै प्रतिलिपि अधिकारमा कारबाही गर्ने बताएका छन् । उनले ट्विट गर्दै आज यो व्यक्तिगत भएको भन्दै अब जेलमै भेट्ने बताएका छन् । तर यो क्रममा उनले अशिष्ट भाषाको प्रयोग गरेका छन् । उनले जुकरबर्गलाई छेपारे केटो भन्दै सम्बोधन गरेका छन् ।

वास्तवमा यो मस्कको नक्कली आईडी हो । मस्क र जुकरबर्गलाई जुधाएर मजा लिने गरी यो ट्विटर एकाउन्ट बनेको देखिन्छ । थुप्रैका नक्कली एकाउन्ट हटाउन सिपालु मस्कले यो आईडी कसरी चिनेनन् वा जानीजानी यसलाई चलाउन दिएका हुन् त्यसको पनि अनुसन्धान होला नै । तर अचम्म त के भने यो आईडीले समेत ब्लु टिक लिएको छ । यसअघि मस्कले ‘दुखाइ लुकाउने इन्स्टाग्रामको झूटो खुशीमा लिप्त हुनुभन्दा ट्विटरमा अपरिचित व्यक्तिहरूद्वारा आक्रमण गर्न असीम रूपमा राम्रो छ’ भनेका थिए । त्यस्तै ट्विटरकी सीईओ लिन्डा याकारिनोले ट्विटर अक्सर नक्कल गरिएको भए तापनि यसको समुदाय कहिल्यै नक्कल हुन सक्दैन भन्ने प्रतिक्रिया दिएकी थिइन् ।

**कस्तो छ थ्रेड्स एप**

फेसबुकको मूल संस्था मेटाले हालै लन्च गरेको थ्रेड्स एप पहिलो दिनमै तीन करोड प्रयोगकर्ता जोडिएका छन् । मेटा कम्पनीका प्रमुख मार्क जुकरबर्गले सो जानकारी दिएका हुन् । उनले मेटाको थ्रेड एपलाई ट्विटरको मैत्री प्रतिद्वन्द्वीको रूपमा पिच गरेका छन्, जुन अक्टोबरमा एलन मस्कले किनेका थिए । विज्ञहरू भन्छन् कि थ्रेड प्लेटफर्मले हालैका परिवर्तनहरूबाट दुःखी ट्विटर प्रयोगकर्ताहरूलाई आकर्षित गर्न सक्छ । थ्रेडहरूले प्रयोगकर्ताहरूलाई ५०० क्यारेक्टरहरू सम्म पोस्ट गर्न अनुमति दिन्छ र ट्विटरमा रहेका जस्तै धेरै सुविधाहरू यसमा समावेश गरिएका छन् ।

थ्रेड्समा यो एप ट्विटर भन्दा ठूलो हुनेछ कि भनेर सोध्दा, जुकरबर्गले भने, ‘यसले केही समय लिनेछ, तर मलाई लाग्छ कि यसमा १ अर्ब भन्दा बढी मानिसहरु भएको पब्लिक वार्तालाप एप हुनेछ । ट्विटरले यो गर्ने अवसर पाएको थियो तर त्यसलाई पन्छाएको छ । आशा छ अब हामी गर्नेछौं ।’ प्रक्षेपणले अनलाइनमा न्यानो प्रतिक्रिया पाएको छ, एक व्यक्तिले बीबीसीलाई उनीहरूले थ्रेड्सलाई ट्विटरमा अत्यधिक आवश्यक प्रतिस्पर्धीको रूपमा देखेका छन् ।

-हाम्रा कुरा डटकम

# पाँच वर्षमा चट्याङका कारण ४ सय १९ जनाको मृत्यु



**काठमाडौं,** असार २५/पछिल्लो पाँच वर्षमा चट्याङका कारण चार सय १९ जनाले ज्यान गुमाएका छन् भने रु छ करोडभन्दा बढी आर्थिक क्षति भएको राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण प्राधिकरणले जानकारी दिएइको छ ।

प्राधिकरणका अनुसार २०७५ सालदेखि हालसम्म सबैभन्दा बढी कोशी प्रदेशमा एक सय आठ र सबैभन्दा कम कर्णाली प्रदेशमा २५ जनाले चट्याङका कारण ज्यान गुमाएका छन् । चट्याङका कारण लुम्बिनी प्रदेशमा ७६, मधेस प्रदेशमा ६९, बागमती प्रदेशमा ६२, सुदूरपश्चिम प्रदेशमा ४३ र गण्डकी प्रदेशमा ३६ जनाले ज्यान गुमाएका छन् । सो अवधिमा चट्याङका कारण रु छ करोड आठ लाख ८५ हजार सात सय ६० बराबरको आर्थिक क्षति भएको छ । जसमध्ये सबैभन्दा बढी कोशी प्रदेशमा अनुमानित रु दुई करोड ७९ लाख ३४ हजार पाँच सय र सबैभन्दा कम कर्णाली प्रदेशमा रु २३ लाख ९२ हजार चार सय ३० को क्षति पुगेको प्राधिकरणले जनाएको छ । लुम्बिनी प्रदेशमा रु ९२ लाख ३८ हजार तीन सय ३०, बागमती प्रदेशमा रु ७९ लाख ८२ हजार, मधेस प्रदेशमा रु ५९ लाख ७९ हजार, गण्डकी प्रदेशममा रु ४९ लाख ३६ हजार पाँच सय र सुदूरपश्चिम प्रदेशमा रु २४ लाख ३३ हजार बराबरको आर्थिक क्षति पुगेको छ । चट्याङका कारण मुलुकभर कूल ५७ वटा भौतिक पूर्वाधार क्षति पुगेको छ । जसमा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १५ र सबैभन्दा कम गण्डकी प्रदेशमा ४ क्षति भएको छ । कोशी प्रदेशमा १४, कर्णाली प्रदेशमा सात, मधेस र बागमती प्रदेशमा छ/छ र सुदूरपश्चिम प्रदेशमा पाँच वटा पूर्वाधारमा क्षति पुगको छ । सो अवधिमा कूल तीन हजार एक सय ८७ वटा पशुचौपायाकोक्षति पुगेको छ । जसमध्ये कर्णाली प्रदेशमा एक हजार पाँच सय चार, मधेस प्रदेशमा ३५, सुदूरपश्चिम प्रदेशमा आठ सय ४७, कोशी प्रदेशमा दुई सय ८९, गण्डकी प्रदेशमा दुई सय ६९, लुम्बिनी प्रदेशमा एक सय ७१ र बागमती प्रदेशमा ७२ वटा पशुचौपायामा क्षति भएको छ । ***-रासस***

# रामपुर नगर सरकारको...

...कालीगण्डकी नदीलाई संरक्षण र संवर्द्धन गरिएन भने संस्कार, संस्कृति र यहाँको पर्यावरणमा ठूलो असर पर्ने विज्ञको भनाइ छ ।

नदीको पर्यावरणीय अस्तित्वलाई जोगाइराख्न पनि पर्यटन विकाससँग जोडेर योजना अगाडि सारिएको नगरपालिकाले जनाएको छ । कालीगण्डकी मानिसको जीवनसँग जोडिनुका साथै यस क्षेत्रमा रहेका विभिन्न तीर्थस्थल, ऋषि महर्षिका आश्रमस्थल, धाम, घाट र मानव बस्तीका कारण यसको सभ्यता वैदिककालसँग जोडिएको छ । कालीगण्डकीको पौराणिक महत्व र यहाँ पाइने शालिग्राम शिलाबाट आकर्षित भई विभिन्न ऋषिगणले यस क्षेत्रमा आई योग, तपस्या र साधना गरेका दृष्टान्तहरु भेटिन्छन् ।


## हार्दिक बधाई तथा शुभकामना

**बिजु इङ्गलिस बोर्डिङ्ग सेकेण्डरी स्कूल**, तानसेन–२, पाल्पा बाट शै.स. २०७९ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा सहभागी भई उत्कृष्ट GPA सहित उत्तीर्ण हुन सफल हाम्रा सम्पूर्ण विद्यार्थीहरुमा **हार्दिक बधाई** सहित उज्ज्वल भविष्यको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै यस शैक्षिक सफलताको लागि सहयोग गर्नुहुने हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शेयरधनी सदस्य तथा हाम्रा शुभचिन्तकहरु प्रति **हार्दिक आभार** व्यक्त गर्दछौं ।


रेसिका सिंजाली (GPA ३.८०)


भूमबिर गाहा (GPA ३.८०)


प्रभात पाठक (GPA ३.६०)


प्रशंसा बज्राचार्य (GPA ३.५०)


आयुष्मा बज्राचार्य (GPA ३.४०)


जोशनलाल शाक्य (GPA ३.४०)


सक्षम बुद्धाचार्य (GPA ३.२५)


सफल गहतराज (GPA ३.२५)


सुजल कार्की (GPA ३.०५)


सुजल शाक्य (GPA ३.०५)


संजुना शाही (GPA २.८०)


सोनिया सोति (GPA २.८०)

अनुराधा बज्राचार्य
प्रिन्सिपल

बिरेन्द्रकाजी शाक्य
अध्यक्ष (वि.व्य.स.)

तथा

**बिजु इङ्गलिस बोर्डिङ्ग स्कूल परिवार**
बडिज्ञान टोल, तानसेन–२, पाल्पा


## खेलकुद समाचार

### नेपाली टोली श्रीलंका प्रस्थान



**काठमाडौं,** असार २५/एसीसी इमर्जिङ टिम्स एसिया कपमा सहभागी हुन नेपाली क्रिकेट टोली सोमबार श्रीलंका प्रस्थान गरेको छ । आगामी बिहीबार सुरु हुने एसीसी इमर्जिङ टिम्स एसिया कप जुलाई २३ तारिखसम्म चल्नेछ । प्रतियोगितामा नेपाल समूह 'बी' मा परेको छ । उक्त समूहमा भारतको 'ए' टोली, पाकिस्तानको 'ए' टोली र संयुक्त अरब इमिरेट्स (यूएई) रहेका छन् ।

यसैगरी समूह 'ए' मा श्रीलंकाको 'ए' टोली, बंगलादेशको 'ए' टोली, अफगानिस्तानको 'ए' टोली र ओमान रहेका छन् । नेपालले आफ्नो पहिलो खेल जुलाई १४ तारिखमा पाकिस्तानको 'ए' टोलीसँग खेल्नेछ । नेपालले दोस्रो खेलमा १७ तारिखमा भारतको 'ए' टोली खेल्नेछ । यसैगरी समूहगत चरणको तेस्रो तथा अन्तिम खेल नेपालले जुलाई १९ तारिखमा यूएईसँग खेल्नेछ । समूहगत चरणको खेलपछि अंक तालिकाको पहिलो र दोस्रो स्थानमा रहने टोली नकआउट चरण (सेमिफाइनल) मा प्रवेश गर्नेछन् । प्रतियोगिताको दुबै सेमिफाइनल खेल २१ तारिखमा खेलिने छ । फाइनल खेल २३ तारिखमा हुनेछ । प्रतियोगिताका लागि घोषित नेपाली टोलीमा रोहित पौडेल (कप्तान), अर्जुन साउद (विकेटकिपर), कुशल भुर्तेल, गुलशन झा, सोमपाल कामी, प्रतिश जीसी, देव खनाल, सन्दीप जोरा, कुशल मल्ल, ललित राजवंशी, भीम सार्की, पवन सरार्फ, आसिफ शेख, सूर्य तामाङ, किशोर महतो र श्याम ढकाल रहेका छन् । नेपालका दुई प्रभावशाली खेलाडी स्पिनर सन्दीप लामिछाने र अलराउन्डर दीपेन्द्रसिंह ऐरीले भने इमर्जिङ टिम्स एसिया कप नखेल्ने भएका छन् । विदेशी फ्रेन्चाइज लिग खेल्नुपर्ने भएकाले यी दुई खेलाडीले इमर्जिङ टिम्स एसिया कप नखेलेका हुन् । सन्दीप र दीपेन्द्र क्यानडामा आयोजना हुने फ्रेन्चाइज लिग 'ग्लोबल टीट्वान्टी' मा आबद्ध छन् । ग्लोबल टीट्वान्टी लिग जुलाई २० देखि अगस्त ६ तारिखसम्म आयोजना हुँदैछ । उक्त लिगमा सन्दीप सरे जग्वार्स क्लबमा आबद्ध छन् । दीपेन्द्रलाई भने मोन्ट्रियल टाइगर्सले अनुबन्धित गरेको छ । यसैगरी अलराउन्डर आरिफ शेख पनि टोलीमा छैनन् । यसअघि नेपाल क्रिकेट संघ (क्यान) ले घोषणा गरेको टोलीमा आरिफलाई पनि समावेश गरिएको थियो । तर, अन्तिम समयमा आएर आरिफले घरायसी समस्याका कारण प्रतियोगिता नखेल्ने निणर्य लिएका हुन् ।


**वर्गिकृत डिस्प्ले**


*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक झिनो अंकले घट्यो



**पाल्पा,** असार २५/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झिनो अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सोमबार शून्य दशमलव ८० अंकले ओरालो लागेर दुई हजार ७६ दशमलव ९६ मा सीमित भएको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ११ अंकले बढेर तीन सय ८८ दशमलव ६२ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहको शेयर मूल्यमा भने बृद्धि भएको छ । विभिन्न कम्पनीका एक करोड ११ लाख ८२ हजार तीन सय ३५ कित्ता शेयर रु तीन अर्ब ७९ करोड ७९ लाख ८६ हजार पाँच सय ८३ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार कारोबारका आधारमा सोल्टी होटल शीर्ष स्थानमा छ । सो कम्पनीको रु ३३ करोड १२ लाख ९० हजार नौ सय १२ मूल्यमा कारोबार भएको छ । सोमबारको कारोबारमा हिमालयन लाइफ इन्स्योरेन्स रु २४ करोड ९१ लाख ८६ हजार नौ सय ९२, प्राइम बैंक रु २४ करोड ८९ लाख ५० हजार पाँच सय, शिवम् सिमेन्ट रु १५ करोड ५१ लाख ५३ हजार छ सय १८ र सिटी होटल रु नौ करोड एक लाख ६२ हजार सात सय ६२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार रावा इनर्जी कम्पनीको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ ।

साथै गुह्यश्वरी मर्चेन्टको शेयर मूल्य सात दशमलव २३, श्वेतगंगा हाइड्रोपावरको शेयर मूल्य छ दशमलव ७९ प्रतिशत र अरुण काबेली पावरको शेयर मूल्य छ दशमलव ५४ प्रतिशतले बढेको छ । नेप्सेका अनुसार नेपाल फाइनान्सको शेयर मूल्य छ दशमलब ३६ प्रतिशतले बढेको छ । सोमबारको कारोबारमा हिमालयन हाइड्रोपावरको शेयर मूल्य छ दशमलव ३४, सिटी होटलको छ दशमलव २६, सिद्धार्थ इक्विटी फण्ड पाँच दशमलव ८०, सुपर मादी हाइड्रोपावर पाँच दशमलव शून्य सात र बलेफी हाइड्रोपावरको शेयर मूल्य चार दशमलब ७६ प्रतिशतले घटेको छ ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०३/२५**

यस विद्यालयमा तपशिलमा उल्लेखित तह र पदमा शिक्षक आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** ०४/२०८०, **पद संख्या :** १ जना, **पद :** शिक्षक

**तह :** नि.मा.वि., **दरबन्दीको प्रकार :** करार, **विषय :** सामाजिक

**शैक्षिक योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट मूल विषय सामाजिक विषयमा आइ.एड. वा सो सरह उत्तिर्ण गरेको ।

**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**तलब स्केल :** नेपाल सरकारको प्रचलित नियमानुसार, **दरखास्त दस्तुर :** रु. ७००/–

**दरखास्त दिने अन्तिम मिति :** २०८०/०४/०८ गते सम्म,

**सम्पर्क मिति :** २०८०/०४/०९ गते

**दरखास्त दिने स्थान र समय :** विद्यालय प्रशासन बिहान १०:०० बजेदिख ४:०० बजेसम्म ।

**परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिमा तोकिनेछ ।

**परीक्षाको किसिम :** लिखित, मौखिक र प्रयोगात्मक

**आवश्यक कागजातहरु :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र करार सूचिका उम्मेद्वारले करार सूचिको समेत प्रतिलिपि २/२ प्रति ।

**सम्पर्क नं. :** ९८६०३६३३३०, ९८४७०५२४३६, ९८६७३५२९५४

नोटः माथिल्लो योग्यता र कम्प्युटर सम्बन्धी ज्ञान भएकोलाई प्राथमिकता दिइने छ ।

**श्री सरस्वती माध्यमिक विद्यालय**
निस्दी–७, चारघरे, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई